# बियोण्ड बेइजिङ्ग समिति (बिबिसी) नेपाल

## विद्यालय बाहिरका किशोरकिशोरीको लागि

## बृहत यौनिकता शिक्षा

## सत्र योजना

बियोण्ड बेइजिङ्ग कमिटी नेपाल

RIGHT HERE RIGHT NOW

| सत्र | उद्देश्य | समय |
|---|---|---|
| सत्र १ | **परिचय (Introduction)**<br><br>• सहभागी स्वागत र कार्यक्रमको बारेमा संक्षिप्त वर्णन<br>• बियोण्ड बेइजिङ्ग समिति (बिबिसी) नेपालको परिचय<br>• राइट हियर राइट नाउको परिचय र उदेश्य<br>• कार्यक्रमको उदेश्य<br>• सहजकर्ता र सहभागीहरुको परिचय | १ घण्टा |
| | **किशोरावस्था (Adolescence)**<br><br>• किशोावस्था भनेको के हो भनेर बताउन सक्नेछन् र यस अवस्थामा हुने शारीरिक परिवर्तनहरू बारे व्याख्या गर्न सक्नेछन् ।<br>• किशोरावस्थामा हुने मानसिक वा संवेगात्मक र सामाजिक परिवर्तनहरूका बारेमा व्याख्या गर्न सक्नेछन् । | १ घण्टा ३० मिनेट |

| | | |
|---|---|---|
| सत्र २ | **यौन तथा प्रजनन् अङ्गका रचना तथा कृया**<br>**(Sexual and Reproductive Anatomy and Physiology)**<br>• महिला तथा पुरुषको भित्री तथा बाहिरी यौन तथा प्रजनन अङ्गहरुका रचना तथा कृयाको बारेमा वर्णन गर्न सक्ने छन् ।<br>• यौन तथा प्रजनन अङ्गहरुको भूमिकाको बारेमा वर्णन गर्न सक्ने छन् ।<br>• किशोरावस्थामा हुने परिवर्तनहरू<br>• महिनावारी स्वास्थ्य तथा सरसफाई व्यवस्थापन | १ घण्टा |
| | **प्रजनन्**<br>**(Reproduction)**<br>• गर्भधारण प्रक्रियाको बारेमा बताउन सक्नेछन् ।<br>• लिङ्ग निर्धारण गर्ने प्रक्रियाको बारेमा  छलफल गर्न सक्ने छन् ।<br>• महिनावारी भनेको के हो भनी बताउन सक्नेछन् ।<br>• महिनावारी चक्रको बारेमा व्याख्या गर्न सक्नेछन् । | २ घण्टा १५ मिनेट |

| | | |
|---|---|---|
| सत्र ३ | **सम्बन्धहरु**<br>**(Relationships)**<br><br>**परिवारहरु**<br>**(Families)**<br><br>• जवान हुँदै जाँदा किशोरकिशोरीहरूको आफू र परिवारका सदस्यहरूप्रतिका जिम्मेवारीका बारेमा वर्णन गर्न सक्नेछन् । | **१ घण्टा** |
| | **मित्रता, प्रेम तथा रोमाञ्चित सम्बन्धहरु**<br>**(Friendship, Love and Romantic Relationships)**<br><br>• मित्रता, प्रेम र रोमाञ्चित सम्बन्धको परिभाषा वर्णन गर्न सक्नेछन्।<br>• साथीहरूसँगको, विपरीत लिङ्गीसँगको सम्बन्धको व्यवस्थापन गर्ने सिप र स्वस्थकर सम्बन्धका बारेमा वर्णन गर्न सक्नेछन् ।<br>• हिंसा तथा दुर्व्यवहारयुक्त अस्वस्थ्यकर सम्बन्धहरू बारे वर्णन गर्न सक्नेछन् । | **२ घण्टा** |

| | | |
|---|---|---|
| सत्र ४ | **दीर्घकालीन वचनबद्धता, विवाह तथा अभिवाकत्व**<br>**(Long-Term Commitments, Marriage and Parenting)**<br><br>• दीर्घकालीन वचनबद्धता, विवाह तथा अभिवाकत्वको बारेमा छलफल गर्न सक्नेछन् ।<br>• वयस्क व्यक्तिहरू अभिभावक बन्न सक्ने विभिन्न तरिकाहरूका बारेमा छलफल गर्न सक्नेछन् ।<br>• विवाह र दीर्घकालीन वचनबद्धताका लागि अत्यावश्यक तत्वहरूका बारेमा छलफल गर्न सक्नेछन् ।<br>• विवाह तथा दीर्घकालीन वचनबद्धताका चुनौतीहरूका बारेमा छलफल गर्न सक्नेछन् । | **१ घण्टा** |
| | **सहनशीलता (सहिष्णुता), समावेशी तथा आदर सम्मान**<br>**(Tolerance, Inclusion and Respect)**<br><br>• सहनशीलता (सहिष्णुता), समावेशी तथा आदर सम्मानको बारेमा वर्णन गर्न सक्नेछन् ।<br>• लाञ्छना तथा भेदभावहरुका बारेमा वर्णन गर्न सक्नेछन् ।<br>• पक्षपात र असहनशीलताका विरुद्धको जिम्मेवारी छलफल गर्न सक्नेछन् ।<br>• लाञ्छना हेला तथा भेदभावमा परेका व्यक्तिहरुका लागि सहयोगका संयन्त्रहरुका बारेमा छलफल गर्न सक्नेछन् ।<br>• लाञ्छना तथा भेदभाव विरुद्धका कानुनहरुका बारेमा छलफल गर्न सक्नेछन् । | **१ घण्टा** |
| | **मूल्यहरु, अधिकार, संस्कृति तथा यौनिकता**<br>**(Values, Rights, Culture and Sexuality)**<br><br>**मूल्य तथा यौनिकता (Values and Sexuality)**<br><br>• मूल्य र अभिवृत्तिका स्रोतका रूपमा अभिभावक, परिवार र समुदायलाई पहिचान गर्न सक्ने छन् ।<br>• यौनिकतासम्बन्धी मूल्य तथा यौनिकता र प्रजनन स्वास्थ्यसम्बन्धी व्यक्तिगत मूल्यहरूका बारेमा वर्णन गर्न सक्नेछन् । | **१ घण्टा** |

| | | |
|---|---|---|
| सत्र ५ | **यौनिकता सम्बन्धी भ्रम तथा गलत धारणाहरू**<br>**(Myth and Misconception about Sexuality)**<br>• यौनिकतासम्बन्धी भ्रमहरू तथा गलत धारणाहरूको परिचय दिन सक्नेछन् ।<br>• यौनिकतासम्बन्धी भ्रमहरू तथा गलत धारणाहरूको पहिचान गरी त्यसका वास्तविकताहरू व्याख्या गर्न सक्नेछन् । | **२ घण्टा** |
| | **मानव अधिकार, संस्कृति, समाज तथा यौनिकता**<br>**(Human Rights, Culture, Society and Sexuality)**<br>• मानव अधिकार, यौन अधिकार र यौनिकताका बारेमा वर्णन गर्न सक्ने छन् ।<br>• संस्कृति, समाज र यौनिकताका बारेमा वर्णन गर्न सक्ने छन् ।<br>• यौनिकतासँग सम्बन्धित मान्यता तथा गलत साँस्कृतिक धारणाहरूका बारेमा छलफल गर्न सक्ने छन् । | **१ घण्टा ३० मिनेट** |

बियोण्ड बेइजिङ्ग कमिटी नेपाल

RIGHT HERE RIGHT NOW

| | | |
|---|---|---|
| सत्र ६ | **लैङ्गिकताको बुझाई**<br>**(Understanding Gender)**<br><br>**लैङ्गिकताको सामाजिक बनावट तथा लैङ्गिक मान्यताहरु**<br>**(Social Construction of Gender and Gender Norms)**<br><br>• लैङ्गिकताको सामाजिक बनावटको परिभाषा वर्णन गर्न सक्नेछन् ।<br>• लैङ्गिक समानता, पूर्वाग्रह तथा पक्षपातहरुका बारेमा व्याख्या गर्न सक्नेछन् ।<br>• लैङ्गिक समानतालाई बढावा दिनका लागि मानवअधिकार बारे छलफल गर्न सक्नेछन् ।<br>• यौनिक व्यवहारका बारेमा समान निर्णय लिनमा लैङ्गिक समानताको भूमिका बारे वर्णन गर्न सक्नेछन् ।<br>• यौनिक व्यवहारमा लैङ्गिक असमानताका प्रभाव बारे व्याख्या गर्न सक्नेछन् ।<br>• फरक फरक लैङ्गिकता तथा यौन अभिमुखीकरणको बारेमा बताउन सक्ने छन् ।<br>• लैङ्गिकतामा आधारित हिंसा तथा हानिकारक व्यवहारहरूको व्याख्या गर्न सक्नेछन् । | ३ घण्टा |

| | | |
|---|---|---|
| सत्र ७ | **हिंसा तथा सुरक्षित रहने**<br>**(Violence and Staying Safe)**<br><br>**हिंसा**<br>**(Violence)**<br><br>• हिंसाको परिभाषा वर्णन गर्न सक्नेछन् ।<br>• समाजमा कस्ता किसिमका हिंसा हुन्छन् भनेर पहिचान गरी बताउन सक्नेछन् ।<br>• हिंसाका असरहरूको तालिका बनाउन सक्नेछन् ।<br>• हिंसाका कारणहरुका बारेमा वर्णन सक्नेछन् ।<br>• हिंसा हुने स्थान, जोगिने उपाय र हिंसा भएमा जानुपर्ने निकायहरूको बारेमा बताउन सक्नेछन् । | **२ घण्टा ३० मिनेट** |
| | **मानव तथा बालबालिका बेचबिखन**<br>**(Human and Children Trafficking)**<br><br>• मानव बेचबिखन के हो भनेर बताउन सक्नेछन् ।<br>• मानव बेचबिखनमा संलग्न अपराधीहरूले कसरी मानव बेचबिखन गर्छन भन्ने बताउन सक्नेछन् ।<br>• मानव बेचबिखनबाट जोगिन के के गर्नु पर्छ भन्ने बारेमा व्याख्या गर्न सक्नेछन् । | **४५ मिनेट** |

| | | |
|---|---|---|
| सत्र ८ | **मन्जुरी, गोप्नीयता र शारीरिक अखण्डता तथा सम्मान**<br>**(Consent, Privacy and Bodily Integrity)**<br>• यौनिक क्रियाकलाप पूर्व यौन साथी बीचको आपसी मन्जुरीका बारेमा बताउन सक्नेछन् ।<br>• गोप्नीयता र शारीरिक अखण्डता तथा सम्मानको बारेका व्याख्या गर्न सक्नेछन् । | **१ घण्टा** |
| | **स्वास्थ्य तथा कल्याण (भलाई)को लागि सिपहरु**<br>**(Skills for Health and Well-being )**<br>**यौनिक व्यवहारमा सामाजिक मान्यता र दौतरीको प्रभाव**<br>**(Norms and Peer Influence on Sexual Behaviour)**<br>• नकारात्मक सामाजिक मूल्यमान्यता र दौँतरीको प्रभाव र नकारात्मक दवावलाई चुनौती दिनका लागि दृढ व्यवहारको सिपबारे वर्णन गर्न सक्नेछन्।<br>• यौनिक व्यवहारमा विवेकपूर्ण निर्णयबारेमा वर्णन गर्न सक्नेछन् । | **१ घण्टा** |
| | **धूम्रपान, मद्यपान र लागू पदार्थ दुर्व्यसन**<br>**(Smoking, Alcoholism and Substance Abuse)**<br>• धूम्रपान, मद्यपान र लागू पदार्थ सेवन गर्ने कारण तथा अवस्थाहरूको वर्णन गर्न सक्नेछन्।<br>• धूम्रपान, मद्यपान र लागू पदार्थ सेवनका असरहरू बताउन सक्नेछन्।<br>• धूम्रपान, मद्यपान र लागू पदार्थ सेवनबाट बच्ने उपायहरूको व्याख्या गर्न सक्नेछन् । | **१ घण्टा** |

| | | |
|---|---|---|
| सत्र ९ | **निर्णय प्रक्रिया**<br>**(Decision-making)**<br>• निर्णय प्रक्रिया बारे वर्णन गर्न सक्नेछन् ।<br>• यौनिकताका सम्बन्धमा निर्णय लिँदा उक्त निर्णयका सकारात्मक र नकारात्मक प्रभावहरूका बारेमा बयान गर्न सक्नेछन् । | ३० मिनेट |
| | **मद्दत र सहयोग प्राप्त गर्नु**<br>**(Finding Help and Support)**<br>• मद्दत र सहयोग प्राप्त गर्नबारे वर्णन गर्न सक्नेछन् । | ३० मिनेट |
| | **सञ्चार माध्यम साक्षरता तथा यौनिकता**<br>**(Media Literacy and Sexuality)**<br>• यौनिकता तथा यौनिक सम्बन्धहरूमा आम सञ्चारका माध्यमका सन्देशहरूले पार्न सक्ने प्रभावहरू बारेमा वर्णन गर्न सक्नेछन् ।<br>• यौनिकता तथा यौनिक सम्बन्धहरूका सम्बन्धमा अव्यावहारिक छाप पार्न सक्ने सन्देशहरूका बारेमा वर्णन गर्न सक्नेछन् ।<br>• सुरक्षित यौनिक व्यवहार र लैङ्गिक समानताको प्रवर्द्धनमा सञ्चारमाध्यमको योगदानका बारेमा व्याख्या गर्न सक्नेछन् ।<br>• | १ घण्टा<br>३० मिनेट |

बियोण्ड बेइजिङ्ग कमिटी नेपाल

RIGHT HERE RIGHT NOW

| | | |
|---|---|---|
| सत्र १० | **यौनिकता तथा यौन व्यवहार**<br>**(Sexuality and Sexual Behaviour)**<br><br>**यौन, यौनिकता तथा यौन जीवन चक्र**<br>**(Sex, Sexuality and Sexual Life Cycle)**<br><br>• यौन, यौनिकता र यौनिक जीवनचक्रको बारेमा बताउन सक्नेछन् ।<br>• यौनिक जीवनचक्रका विभिन्न पक्षहरुका बारेमा बताउन सक्नेछन् ।<br>• सुरक्षित यौन सम्पर्क भने को के हो बताउन सक्ने छन् । | १ घण्टा |
| | **यौनिक व्यवहार तथा यौनिक प्रतिक्रिया**<br>**(Sexual Behaviour and Sexual Response)**<br>• विभिन्न यौनिक व्यवहारबारे वर्णन गर्न सक्नेछन् । | ३० मिनेट |
| | **यौनिक सम्बन्धमा सम्झौता**<br>**(Negotiation to Sexual Relation)**<br><br>• यौनिक सम्बन्धमा सम्झौता बारे वर्णन गर्न सक्नेछन् । | ३० मिनेट |

| | | |
|---|---|---|
| | **यौन तथा प्रजनन् स्वास्थ्य**<br>**(Sexual and Reproductive Health)**<br><br>**यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरू**<br>**(Sexual and Reproductive Health and Rights)**<br>• यौन स्वास्थ्यको बारेमा बताउन सक्नेछन् ।<br>• प्रजनन् स्वास्थ्यको बारेमा बताउन सक्नेछन् ।<br>• प्रजनन् स्वास्थ्य सेवाहरुको बारेमा बताउन सक्नेछन् ।<br>• यौन तथा प्रजनन् अधिकारहरूको बारेमा बताउन सक्नेछन्। | **२ घण्टा**<br>**३० मिनेट** |

बियोण्ड बेइजिङ्ग कमिटी नेपाल

RIGHT HERE RIGHT NOW

| | | |
|---|---|---|
| सत्र ११ | **गर्भवती तथा गर्भ रोकथाम, गर्भ निरोधक साधन, सुरक्षित गर्भपतन तथा लाञ्छना**<br>**(Pregnancy and Pregnancy Prevention, Contraceptive, Safe Abortion and Stigma)**<br><br>**गर्भ निरोध र गर्भ निरोधक साधनहरू**<br><br>• गर्भ निरोध र गर्भ निरोधक साधन भने को के हो भन्ने बारे बुझ्ने छन् ।<br>• गर्भनिरोधका अस्थायी तथा स्थायी विधिहरूका बारेमा वर्णन गर्न सक्नेछन् ।<br>• गर्भनिरोधका फाइदाको बारेमा अरूलाई बताउन सक्नेछन् ।<br>• आकस्मिक गर्भनिरोधका विधिहरूका बारेमा वर्णन गर्न सक्ने छन् । | **२ घण्टा** |
| | **सुरक्षित गर्भपतन**<br>**(Safe Abortion)**<br><br>• सुरक्षित गर्भपतनको बारेमा बताउन सक्नेछन् ।<br>• असुरक्षित गर्भपतनका असर बारे बताउन सक्नेछन् ।<br>• सुरक्षित गर्भपतन गर्न सकिने कानुनी अवस्थाबारे बताउन सक्नेछन् ।<br>• आफैं गर्भपतन भएमा के गर्ने भन्ने बारे बताउन सक्नेछन् । | **१ घण्टा**<br>**३० मिनेट** |

बियोण्ड बेइजिङ्ग कमिटी नेपाल

RIGHT HERE RIGHT NOW

| | | |
|---|---|---|
| सत्र १२ | **गर्भावस्था र सुरक्षित मातृत्व**<br>**Safe Motherhood**<br>• कम उमेरमा हुने गर्भका असरहरूको बारेमा बताउन सक्नेछन् ।<br>• गर्भावस्था, प्रसव अवस्था, सुत्केरी अवस्था र नवजातशिशु स्याहारलाई विचार पुऱ्याउनुपर्ने कुराहरूको बारेमा बताउन सक्नेछन् ।<br>• गर्भावस्था, प्रसव अवस्था, सुत्केरी अवस्थाका खतरा चिन्हहरूको बारेमा बताउन सक्नेछन्।<br>• मातृत्व सम्बन्धी प्रचलित गलत र सही धारणाका बारे छलफल गर्न सक्नेछन्। | १ घण्टा |
| | **यौन सङ्क्रमण एच. आई .भी र एड्स**<br>**(Sexually Transmitted Infections and HIV/AIDS)**<br>• यौन सङ्क्रमण र लक्षणबारे सही व्याख्या गर्न सक्ने छन्।<br>• यौन सङ्क्रमणको रोकथाम र व्यवस्थापन तथा उपलब्ध सेवाहरूका बारेमा भन्न सक्ने छन्।<br>• यौन सङ्क्रमण सम्बन्धी गलत धारणाहरू बारे व्याख्या गर्न सक्नेछन् । | १ घण्टा ३० मिनेट |
| | **प्रजनन् स्वास्थ्य समस्याहरु**<br>**(Reproductive Morbidities)**<br>• प्रजनन् स्वास्थ्य समस्याहरु बारे छलफल गर्न सक्नेछन् ।<br>• विभिन्न किसिमका प्रजनन् स्वास्थ्य समस्याहरुका लक्षणहरूका बारेमा छलफल गर्न सक्नेछन् । | ४५ मिनेट |